*"आठबीस नगरको समुन्नतीको आधार शिक्षा, स्वास्थ्य,कृषि,पर्यटन र पुर्वाधार"*

आठबीस नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

राकम कर्णाली, दैलेख

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३ **(शिक्षा शाखा)**

चलानी नं. ९६८४

मिति २०८३।०१।०९

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।

श्री जो जस सँग सम्बन्ध राख्दछ।

प्रस्तुत विषयका सम्बन्धमा दैलेख जिल्ला आठवीस नगरपालिका अन्तर्गत श्री कालिका माध्यमिक विद्यालय, आठवीस नगरपालिका ८, दैलेखमा रिक्त रहेको माध्यमिक तह, तृतीय श्रेणी, सामाजिक विषयको स्थायी शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनि विद्यालयको च.नं. ७०१, मिति २०८३।०१।०९ गतेको पत्रबाट अनुरोध भई आएकाले सम्बन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः

१. विद्यालयको इमेल ठेगानाः ksst2036dlk@gmail.com मा इमेल गरी तथा सम्पर्क नम्बर ९८४८१५९४२१ र ९८५८०६०६१९ मा सम्पर्क गरी तोकिएको म्याद भित्र विद्यालयमा निवेदन पेश गर्नु पर्नेछ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रीत नपुगी प्राप्त हुन आएका निवेदन माथी कुनै कारवाही हुनेछैन।

विनोद कुमार माझी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाई दैलेख।

श्री कालिका माध्यमिक विद्यालय, आठवीस नगरपालिका ८, दैलेख।

श्री सूचना प्रविधि शाखा, आठवीस नगरपालिका - वेवसाइटमा अपलोड गरिदिनहुन।